म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २२९ आइतबार, २२ चैत २०८२ ने. सं. ११४६ चौलाथ्व 5 April 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हार्दिक आभार

यस संघको मिति २०८२ चैत २१ गते शनिबार ५९ औं वार्षिक साधारणसभा भव्यरुपमा सम्पन्न गर्न सहयोग गर्नुहुने प्रमुख अतिथि, अतिथिज्यूहरु, सल्लाहकारज्यूहरु, कार्यसमितिका पदाधिकारी तथा सदस्यज्यूहरु, सञ्चारकर्मी, सुरक्षाकर्मी, सम्पूर्ण व्यवसायी तथा कर्मचारीज्यूहरुप्रति हार्दिक कृतज्ञता तथा आभार व्यक्त गर्दछौं ।

प्रमोदसिंह रानाभाट (अध्यक्ष)

**मकवानपुर उद्योग वाणिज्य संघ**

हेटौंडा, मकवानपुर

### मकवानपुर उद्योग वाणिज्य संघको ५९ औं वार्षिक साधारणसभा

# 'बाइपास सडक निर्माण गर्दा २५ मिटर आवश्यक पर्दैन'

साझाकुरा संवाददाता

हेटौंडा, २१ चैत/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले हेटौंडाको सडक्लाई १६ मिटर कि २५ मिटरमा अल्झाउन नहुने बताएका छन् । राप्तीपुलदेखि रातोमाटेसम्म बाइपास सडक निर्माण गर्दा हेटौंडा बजारमा १६ मिटर मात्रै सडक विस्तार गर्न सकिने उनको बुझाई छ ।




मकवानपुर उद्योग वाणिज्य संघको ५९ औं वार्षिक साधारणसभामा मुख्यमन्त्री बानियाँले संघीय सरकारसँग आवश्यक समझदारी गरेर प्रदेश सरकारले क्याबिनेटबाटै सडक विषयमा आवश्यक निर्णय गर्न सरकार तयार रहेको जिकिर गरे । प्रदेश र ाजधानीलाई लामो समयसम्म अव्यवस्थितरुपमा राख्न नहुने उनले बताए । मुख्यमन्त्री बानियाँले राज्य सञ्चालनको सवालमा सरकार कठोर हुनुपर्ने भएपनि निर्दयी हुन नहुने बताए । उनले हेटौंडाको सडकलाई उपयुक्त निकास दिन लागिपर्ने प्रतिबद्धता व्यक्त गरे ।

मुख्यमन्त्री बानियाँले सडक विस्तारबाट प्रभावित व्यवसायीलाई कर्जामा छुटदिन संघीय सरकारसँग अनुरोध गरे । उनले प्रभावित व्यवसायीको अर्को व्यवस्थापन नहुँदासम्म राष्ट्र बैंकले व्याजमिनाहा गर्नुपर्नेमा जोड दिए । व्यवसायीको हितको लागि नयाँ जनादेशबाट बनेको सरकारसँग बागमती प्रदेश सरकार सहकार्य गर्न तयार रहेको उनले बताए । मुख्यमन्त्री बानियाँले हेटौंडाको सडक विस्तार प्रदेश सरकारको अधिकार क्षेत्रभित्र नपर्ने बताए । सरकारी मिडिया बाहेक अन्य मिडियामा विज्ञापन गर्न नपाउने संघीय सरकारको निर्णयप्रति कटाक्ष गर्दै मुख्यमन्त्री बानियाँले अधिकार भए यो कुराको परिपत्र प्रदेश सरकार लाई गर्न पनि आग्रह गरे ।

तीनवटै तहको सरकारले गर्ने काम संविधानमा नै स्पष्ट किटान भएकोले संविधान संशोधन नहुँदासम्म संविधान अनुरुप नै सरकारले काम गर्नुपर्ने बताए । व्यवसायीको राहतको लागि संविधान संशोधन गरिरहन नपर्ने बताउँदै मुख्यमन्त्री बानियाँले राष्ट्र बैंकका गभर्नरले व्याज मिनाहा गर्नुपर्ने बताए । नेकपा एमाले बागमती प्रदेशका प्रमुखसचेतक एकालाल श्रेष्ठले अहिले हेटौंडा बजार उजाड बनेको बताएका छन् । घर र व्यवसायसँगसँगै उद्योगी, व्यवसायीको मनोबल पनि खस्केको अवस्थामा उद्योग वाणिज्य संघ मौन बसेको भन्दै उनले असन्तुष्टि जनाए ।


प्रमुखसचेतक श्रेष्ठले उद्योग वाणिज्य संघ आफ्नै एजेण्डामा विचलित हुन पुग्दा व्यवसायी मर्कामा परेको बताए । हेटौंडादेखि नारायणगढसम्मको सडक विस्तारको क्रममा हेटौंडाको सडकलाई फरक ढंगले बिचार गर्नुपर्ने स्थानीय व्यवसायी र घर धनीको माग जायज रहेको उनको भनाई छ । संघका अध्यक्ष प्रमोदसिंह रानाभाटले संघको गरिमालाई बचाइराख्न चुनौती थपिएको बताए । संघले पछिल्लो एक वर्षको अवधिमा निकै राम्रा काम भएको दाबी गर्दै हेटौंडा बजार क्षेत्रको समस्या तत्काल समाधान गर्न तीनै तहका सरकार समक्ष माग गरेका छन् ।

रानाभाटको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशसभा सदस्यहरु भारती पाठक, प्रेमबहादुर पुलामी, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, संघका पूर्वअध्यक्ष अरुणराज सुमार्गी, कृष्ण अग्रवाल, भुवनलाल श्रेष्ठ, र ाजकुमार न्यौपाने, नारायणी यातायात ब्यवसायी संघका अध्यक्ष हीरालाल श्रेष्ठ, सिन्धुली उवासंघका अध्यक्ष अर्जुन श्रेष्ठलगायतको आतिथ्यता रहेको थियो । मकवानपुर उद्योग वाणिज्य संघमा २ हजार २ सय ६५ जना सदस्य छन् ।

### १५ औं महाधिवेशनको तयारीमा कांग्रेस

# 'जरा अभियान' गाउँ तहसम्म पुग्ने

साझाकुरा संवाददाता



काठमाडौं, २१ चैत/ नेपाली कांग्रेसले आगामी १५ औं महाधिवेशनको तयारी औपचारिकरूपमा थालेको छ । पार्टीले पूर्वप्रकाशित कार्यतालिकाअनुसार चैत २१ गतेदेखि वडा तहसम्मै पुग्ने गरी सदस्यता वितरण तथा नवीकरण अभियान सुरु गरेको हो ।

यस अभियानलाई तीव्रता दिन र व्यवस्थित गर्न कांग्रेसले देशका ७७ वटै जिल्लामा केन्द्रीय प्रतिनिधि खटाएको छ । कांग्रेसले गाउँ तहसम्म पुग्ने यस अभियानलाई 'जरा अभियान' नामकरण गरेको छ ।

पार्टीको कार्यसम्पादन समितिको बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै कांग्रेस महामन्त्री प्रदीप पौडेलले 'जरा अभियान' बारे विस्तृत जानकारी दिएका हुन् । उनका अनुसार यस अभियानअन्तर्गत् महाधिवेशनको तयारी, साङ्गठनिक अवस्थाको अध्ययन, नागरिकस्तरमा निर्वाचनको समीक्षा र पार्टीलाई सामाजिक गतिविधिसँग जोड्ने चार वटा मुख्य कामहरू हुनेछन् ।

७७ वटै जिल्लामा खटिएका प्रतिनिधिहरूले वैशाख महिनाभर सम्बन्धित जिल्लामा बसेर सदस्यता वितरण र नवीकरणलाई विधानबमोजिम व्यवस्थित गर्नेछन् । उनीहरूलाई पार्टी केन्द्रीय कार्यालयले आवश्यक निर्देशिका, कार्यविधि, फारम र तोकिएको जिम्मेवारी दिएर जिल्ला पठाएको छ ।

कांग्रेसले क्रियाशील सदस्यता नवीकरणमा यसपटक निकै कडा नीति लिएको छ । महामन्त्री पौडेलले वैशाख महिनाभित्र सदस्यता अद्यावधिक नगर्नेहरूको क्रियाशील सदस्यता स्वत: खारेज हुने स्पष्ट पारेका छन् । नवीकरण गर्दा सदस्यहरूले विगतमा जुन भूगोल वा वडाबाट सदस्यता लिएको हो, त्यही वडामा पुगेर अनिवार्य रूपमा नवीकरण गर्नुपर्ने नियम बनाइएको छ । यो नियम सामान्य कार्यकर्तादेखि वडा सभापतिहुँदै केन्द्रीय सभापतिसम्मलाई समानरूपले लागू हुने पौडेलले बताए ।

त्यसैगरी, कांग्रेसले पार्टीलाई प्रविधिमैत्री बनाउने भन्दै अबदेखि सबै सदस्यलाई 'कांग्रेस आईडी' प्रदान गर्ने भएको छ । सदस्यता नवीकरणको प्रक्रिया पूरा गरेपछिमात्र उक्त डिजिटल आईडी प्राप्त हुनेछ । यो आईडी नभएका व्यक्तिले १५ औं महाधिवेशनको कुनैपनि प्रक्रियामा भाग लिन पाउने छैनन् ।

कसैलाई दिने र कसैलाई नदिने भन्ने विभेद नराखी प्रक्रियामा आउने सबैलाई यस्तो आइडी दिइनेछ । साथै, नयाँ क्रियाशील सदस्यहरूको हकमा पनि पूर्णरूपमा डिजिटल माध्यमबाटै सदस्यता प्रदान गरिने व्यवस्था मिलाइएको छ ।

जिल्ला पुगेका प्रतिनिधिहरूले पार्टीको मूल संगठन र भ्रातृ सङ्गठनहरूको यथार्थ अवस्था तथा केन्द्रले सम्बोधन गर्नुपर्ने विषयहरू समेटेर प्रतिवेदन बुझाउनेछन् । यसका अतिरिक्त, कांग्रेसले विगतको निर्वाचनमा भोगेको पराजय र पार्टीको आगामी बाटोबारे नागरिकस्तरमै पुगेर अन्तरक्रिया गर्ने निर्णय गरेको छ ।

केन्द्रीयस्तरमा पार्टी सभापतिको नेतृत्वमा बुद्धिजीवी, पेसाकर्मी र नागरिक अगुवाहरूसँग 'कांग्रेसले चुनाव किन हाऱ्यो र अब कसरी पुनर्जीवित हुने' भन्ने विषयमा बृहत् छलफल हुनेछ । यही ढाँचामा जिल्ला खटिएका प्रतिनिधिहरूले पनि स्थानीयस्तरका युवा, बुद्धिजीवी र समाजका विभिन्न तप्कासँग निर्वाचनको निर्मम समीक्षा गर्नेछन् ।

पार्टीको संगठनलाई थप चलायमान र जनमुखी बनाउन कांग्रेसले अब सामाजिक गतिविधिमा जोड दिने नीतिसमेत अघि सारेको छ । स्थानीय तहको आवश्यकता र समस्यालाई पहिचान गरी पार्टी पङ्क्तिलाई सामाजिक काममा सक्रिय गराउन प्रतिनिधिहरूलाई विशेष जिम्मेवारी दिइएको छ । राजनीतिक एजेन्डाका साथसाथै सामाजिक उत्तरदायित्वका काममा पार्टीलाई जोडेर संगठनमा नयाँ ऊर्जा थप्ने कांग्रेसको योजना छ ।

# मनहरीमा बालश्रम अनुगमन, तीन जना बालश्रमिक फेला परे

साझाकुरा संवाददाता

हेटौंडा, २१ चैत/ मकवानपुरको मनहरीक्षेत्रमा गरिएको बालश्रम अनुगमनका क्रममा ३ जना बालश्रमिक फेला परेका छन् ।



मनहरी बजारका ८ वटा होटलमा गरिएको निरीक्षणका क्रममा बालश्रमिक फेला परेको सिविनका प्रबन्धक झबिन्द्र ज्ञवालीले जानकारी दिएका छन् । फेला परेका बालश्रमिकमध्ये जीवन होटलमा कार्यरत् ११ वर्षीया बालिका, गुरुङ कोल्डस्टोरमा कार्यरत १५ वर्षीय बालक र सुहिम होटलमा कार्यरत १३ वर्षीय बालक रहेका छन् । श्रम तथा रोजगार कार्यालय, हेटौंडा उपमहानगरपालिका, मनहरी गाउँपालिका, नेपाल प्रहरी, नगर प्रहरी तथा बालहेल्पलाइन १०९८ को संयुक्त टोलीले विभिन्न स्थानमा अनुगमन गरेको हो ।

मनहरी गाउँपालिका-६, लोथरक्षेत्रमा करिब १३ वटा होटलमा गरिएको निरीक्षणमा भने बालश्रम फेला नपरेको बताइएको छ । टोलीकाअनुसार त्यहाँका व्यवसायी बालश्रमसम्बन्धी कानुनी व्यवस्था र सचेतनाबारे जानकार देखिएका छन् र बालबालिकालाई श्रमभन्दा शिक्षामा प्राथमिकता दिनुपर्ने विषयमा सचेत छन् । गुरुङ कोल्डस्टोरमा कार्यरत बालक कक्षा ६ मा अध्ययनरत रहेको र उनकी आमा पनि सोही स्थानमा कार्यरत रहेकाले भविष्यमा श्रममा नराख्ने प्रतिबद्धता जनाएपछि उनलाई आमाकै जिम्मा लगाइएको छ ।

सुहिम होटलमा कार्यरत १३ वर्षीय बालकलाई परिवारको जिम्मा लगाउने प्रक्रिया अघि बढाइएको छ । मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामी मगरले विगतको तुलनामा बालश्रम उल्लेख्यरुपमा घटेको बताउँदै लोथरक्षेत्रमा एक जना पनि बालश्रमिक नभेटिनु सकारात्मक संकेत भएको बताइन् ।

# हेटौंडा क्याम्पसमा कानूनको स्नातक कक्षा सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २१ चैत/ हेटौंडास्थित हेटौंडा क्याम्पमा कानून विषयको स्नातक तह (एलएलबी) को पठनपाठन आज आइतबारबाट सुरुहुने भएको छ ।

बागमती प्रदेश विश्वविद्यालयअन्तर्गत सञ्चालन हुने कानून संकायमा भर्ना भएका विद्यार्थीका लागि क्याम्पसले शुक्रबार अभिमुखीकरण भएको छ । हेटौंडा क्याम्पसका सहायक प्राध्यापक दीपेन्द्र ढकालकाअनुसार हेटौंडा क्याम्पसमा पठनपाठन सुरुवात भएसँगै विश्वविद्यालय तहको कानून विषयको शिक्षामा पहूँच विस्तार हुनेछ । अभिमुखीकरणको क्रममा क्याम्पसप्रमुख बालकृष्ण शर्माले अहिले एलएलबीमा अध्ययन गर्न ५५ जना विद्यार्थी भर्ना भएको जानकारी दिए । अहिले क्याम्पसमा वीवीए र विएडका विभिन्न विषयमा अध्ययन भइरहेको छ ।

वीवीए र विएड अन्तर्गत ४५ जना विद्यार्थी छन् । आउँदो वर्ष विएएलएलवि, बिआइटी, बिएचएम लगायत विषयमा पठनपाठन हुने बताइएको छ । बागमती विश्वविद्यालयका उपाध्यक्ष डा. कुशुमराज सुवेदीको प्रमुख आतिथ्यमा भएको अभिमुखीकरण कार्यक्रममा बागमती प्रदेशकी मुख्यन्यायाधिवक्ता अप्सरा बस्नेत, नेपाल वार काउन्सिलका सदस्य वरिष्ठ अधिवक्ता केशवप्रसाद काफ्ले, वडाध्यक्ष नवीन सिग्देल, उच्च अदालत वार एसोसिएसन हेटौंडाका अध्यक्ष मनप्रसाद भट्टराई, व्यवस्थापन समिति सदस्य मदन दाहाल, जिल्ला वार एसोसिएसन सचिव रमिता चौलागाईंलगायतको उपस्थिति रहेको थियो । कार्यक्रम संयोजक सुजन तिमल्सिना रहेका थिए ।

# हेटौंडामा विश्वशान्ति महामैत्री बोधिमार्गदर्शन कार्यक्रम हुने

साझाकुरा संवाददाता

हेटौंडा, २१ चैत/ बोधिश्रवण धर्मसंघ नेपालले यही चैत २६ गतेदेखि ३० गतेसम्म मानवलगायत सम्पूर्ण जगतको उद्दार गर्न 'विश्वशाान्ति महामैत्री बोधिमार्गदर्शन/मैत्रीधर्म आध्यात्मिक अनुष्ठान कार्यक्रम' हेटौंडाको लोकतान्त्रिक (हुप्र) चौरमा गर्ने भएको छ ।

२१ औं विश्वशान्ति महामैत्री बोधिमार्गदर्शन(मैत्रीधर्म आध्यात्मिक अनुष्ठान कार्यक्रमले विश्वशान्ति र मैत्री भावपूर्ण विश्व निर्माण र मैत्रीशान्तिको सन्देश प्रवाह गर्ने संघले जनाएको छ ।

अहिले मानव अन्तरमन तीब्रगतिमा भौतिक र आध्यात्मबीचको द्वन्द्वको चक्रमा अल्झिएको भन्दै संघले असहिष्णुता, हिंसा र बिभाजनतर्फ बढ्दै गइरहेको मानव समाजलाई मैत्रीभावपूर्ण शान्ति, सत्य र शुद्धता स्थापित गर्न अनुष्ठानको आयोजना गरिएको उल्लेख गरेको छ । मैत्रीभावलाई आत्मबोध गर्दै अर्पण, समर्पण पूर्ण निष्ठाकासाथ निस्वार्थ भाव (मैत्रीभाव) द्वारा गरिने सत्कर्ममा लाग्न सकून भन्ने उद्देश्य अनुष्ठानको रहेको जनाएको छ ।



साझाकुरा

## हाम्रो कुरा

# उम्मेदवारको खर्च विवरण

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा मकवानपुर जिल्लाका दुवै निर्वाचन क्षेत्रबाट उम्मेदवार बनेका ४४ जनाले तोकिएकै समयमा निर्वाचनखर्च विवरण बुझाएका छन् । प्रदेश निर्वाचन कार्यालय हेटौंडाकाअनुसार प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ अन्तर्गत दल तथा स्वतन्त्र उम्मेदवारले खर्च विवरण समयमै पेश गरेका हुन् । प्रतिनिधिसभा सदस्य निर्वाचनमा मकवानपुर जिल्लाका दुवै निर्वाचन क्षेत्रबाट उम्मेदवार बनेका ४४ जनाले तोकिएकै समयमा निर्वाचन खर्च विवरण बुझाएको खबरले नेपाली लोकतन्त्रमा सकारात्मक सन्देश दिएको छ । निर्वाचनपछि खर्चविवरण नबुझाउने, ढिलासुस्ती गर्ने वा अपारदर्शी व्यवहार देखाउने प्रवृत्ति विगतमा पटक-पटक देखिँदै आएको सन्दर्भमा यो तथ्य आफैंमा प्रशंसनीय मान्नुपर्छ । निर्वाचनखर्च विवरण बुझाउनु कानुनी दायित्वमात्र होइन, लोकतान्त्रिक जवाफदेहिताको महत्वपूर्ण आधार पनि हो । उम्मेदवारले आफ्नो प्रचार-प्रसारमा कति खर्चगरे, त्यो खर्च कानुनले तोकेको सीमाभित्र रह्यो कि रहेन भन्ने विषय मतदाता र राज्य दुवैका लागि चासोको विषय हुन्छ । यही सन्दर्भमा निर्वाचन आयोगले तोकेको समयसीमाभित्र सबै उम्मेदवारले विवरण बुझाउनु चुनावी अनुशासनको राम्रो उदाहरण हो । यसले उम्मेदवारमा कानुनप्रतिको सम्मान र सार्वजनिक उत्तरदायित्वबोध बढ्दै गएको संकेत गर्छ । मकवानपुरका दुवै निर्वाचन क्षेत्रबाट उम्मेदवारी दिएका सबै ४४ जनाले विवरण बुझाएको तथ्यलाई स्थानीय राजनीतिक संस्कृतिको परिपक्वतासँग पनि जोडेर हेर्न सकिन्छ ।

यो जिल्लामा राजनीतिक प्रतिस्पर्धा तीव्र भएपनि नियमपालना गर्ने विषयमा साझा समझदारी विकास हुँदै गएको देखिन्छ । यसले भविष्यमा हुने निर्वाचनमा पनि सकारात्मक दबाब सिर्जना गर्नेछ, जहाँ खर्च विवरण लुकाउने वा छल्ने प्रवृत्तिलाई सामाजिकरुपमा नै गलत ठहर गरिनेछ । तर, यति भन्दैमा सन्तोष गरेर बस्नु पर्याप्त हुँदैन । खर्चविवरण बुझाउनुमात्र पर्याप्त आधार भने होइन, बुझाइएका विवरण कति यथार्थपरक छन् भन्ने प्रश्न अझ महत्वपूर्ण हुन्छ । कागजमा सीमित खर्च देखाएर व्यवहारमा धेरै खर्च गर्ने प्रवृत्ति पूर्णरुपमा अन्त्य भएको छ भन्ने दाबी गर्न अझै सकिँदैन । त्यसैले आयोगले विवरण संकलनसँगै प्रभावकारी अनुगमन र छानबीन प्रणालीलाई अझ बलियो बनाउनुपर्छ । आवश्यक परेमा स्वतन्त्र अडिट, स्थानीय अनुगमन समिति र नागरिक समाजको सहभागिता पनि सुनिश्चित गर्न सकिन्छ । निर्वाचनखर्चको सीमा नै व्यवहारिक छ कि छैन ? भन्ने बहस पनि आवश्यक छ । सीमा अव्यावहारिक रुपमा कम हुँदा उम्मेदवारलाई नियम छल्न प्रोत्साहन मिल्न सक्छ । त्यसैले राजनीतिक दल, उम्मेदवार र सरोकारवाला सबैसँग परामर्श गरेर खर्चसीमा समयसापेक्ष र यथार्थपरक बनाइनु जरुरी छ । मकवानपुरका उम्मेदवारले देखाएको समयपालन र औपचारिक पारदर्शिताको अभ्यास स्वागतयोग्य छ । यसलाई उदाहरणकारुपमा लिएर देशभर नै खर्च विवरण बुझाउने संस्कारलाई कडाइका साथ लागू गर्न सकिएमा मात्र निर्वाचनप्रतिको जनविश्वास अझ बलियो हुनेछ । लोकतन्त्र बलियो हुनु भनेकै नियम पालना गर्ने संस्कृतिको विकास हुनु हो, र त्यस दिशामा यो कदम निश्चितरुपमा उत्साहजनक छ । प्रदेश निर्वाचन अधिकारी हरिप्रसाद ढकालका अनुसार निर्वाचन परिणाम घोषणा भएको एक महिनाभित्र सबै उम्मेदवारले खर्च विवरण बुझाउनुपर्ने कानुनी प्रावधान छ ।

सोही प्रावधानअनुसार मकवानपुरका सबै उम्मेदवारले तोकिएको समयभित्रै विवरण बुझाएका हुन् । अघिल्ला निर्वाचनमा खर्च विवरण समयमै नबुझाउने उम्मेदवारलाई जरिवाना गर्नुपर्ने अवस्था आएको भएपनि यसपटक भने सबै उम्मेदवारले जिम्मेवारीपूर्वक विवरण बुझाएका छन् । प्रदेश निर्वाचन कार्यालयमा बुझाइएको विवरणअनुसार जिल्लाका दुवै निर्वाचन क्षेत्रमा कुल २ करोड ७ लाख ५६ हजार ३२२ रुपैयाँ खर्च भएको छ । निर्वाचन क्षेत्र नं. १ मा १ करोड १२ लाख २८ हजार २३३ रुपैयाँ र निर्वाचन क्षेत्र नं. २ मा ९५ लाख २८ हजार ८८ रुपैयाँ खर्च भएको उल्लेख छ । मकवानपुरमा कुल ४४ जना उम्मेदवारमध्ये निर्वाचन क्षेत्र नं. १ मा दलका १३ र स्वतन्त्र १० गरी २३ जना तथा निर्वाचन क्षेत्र नं. २ मा दलका १६ र स्वतन्त्र पाँच गरी २१ जना उम्मेदवार रहेका थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ चैत २३ गते सोमबार ६ अप्रिल २०२६ । चतुर्थी, बैशाख कृष्णपक्ष । चौलागा ११४६ ने.सं. । सूर्योदय ५:५१ सूर्यास्त ६:२३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कामको उचित प्रतिफल पाइनेछ | **तुला** | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ |
| **वृष** | : धन आर्जन हुनेछ | **वृश्चिक** | : अधुरा योजना पूरा हुने देखिन्छ |
| **मिथुन** | : काम बन्नाले उत्साह जाग्नेछ | **धनु** | : भाग्योदयको समय रहनेछ |
| **कर्कट** | : दोहोरो लाभ मिल्नेछ | **मकर** | : अध्ययन अध्यापनमा गडबडी |
| **सिंह** | : श्रमबाट प्रशस्त लाभ हुनेछ | **कुम्भ** | : काममा उत्साह बढ्नेछ |
| **कन्या** | : पारिवारिक समस्या आउनसक्छ | **मीन** | : प्रेमको बन्धन कसिनेछ |

# नेपाल: आरोग्यको राजधानी, जहाँ जीवन फेरि जन्मिन्छ



शोविता सिम्खडा

नेपाल अपार पर्यटकीय सम्भावना भएको मुलुक हो भनेर वर्षौंदेखि हामीले सुन्दै र सुनाउँदै आएका छौं । तर, के हामीले कहिल्यै सोचेका छौं, ती हिमालहरूले हामीलाई के भनिरहेका छन् ? ती जडीबुटीहरूले कसको प्रतीक्षा गरिरहेका छन् ?

नेपालको अनुपम प्राकृतिक सौन्दर्य, छोटो दूरीमै भेटिने भौगोलिक र जैविक विविधता, यहाँको जीवन्त संस्कृति र नेपालीको मिलनसार स्वभाव केवल हेर्नका लागि मात्र होइन, अनुभव गर्नका लागि पनि हुन् । तर, हामीले सधैं ब्रान्डिङमा भुल गऱ्यौं । सरकारले नीति बनायो, संरचना खडा गऱ्यो, तथापि पर्यटकको संख्या र तिनको बसाइ अवधि अपेक्षाकृत बढ्न सकेन । यसको मूल कारण हो, हामीले पर्यटनको आत्मालाई छुन सकेनौं, बाहिरी दृश्यमा मात्र अल्झियौं ।

अब प्रश्न उठ्छ, के हामीले प्राथमिकता छुट्याउन सकेनौं ? कि हामीले आफ्नो पर्यटनको मूल तत्व नै चिन्न सकेनौं ? यसको उत्तर हाम्रो आफ्नै माटोमा लुकेको छ । हामीले अब हाम्रो पर्यटनको सुस्पष्ट ब्रान्डिङ गर्न ढिला गर्नुहुँदैन । सगरमाथा, बुद्ध र प्राकृतिक सौन्दर्यको धनी भनेर विश्वले हामीलाई चिनिसकेको छ, तर अब विश्वलाई हामीले नयाँ र गहिरो केही दिनुपर्छ, जुन अरू कसैसँग छैन । त्यो एउटै सूत्र हो, आरोग्य ।

आरोग्य भनेको भागदौडबाट भाग्नु होइन, आफ्नै भित्र फर्किने साहस हो । यो शरीरको थकाइ मेटाउने औषधि होइन, आत्माको मौन उत्सव हो । जहाँ पुगेर मानिस आफैंसँग भेटिन्छ । आरोग्य केवल एउटा शब्द होइन, यो मानव अस्तित्वको पूर्णता हो । संसार कोलाहलमा हराइरहेको बेला नेपालले शान्तिको बाँसुरी बजाउनुपर्छ । अबको पर्यटनको मूल मन्त्र यही हुनुपर्छ, आरोग्य । यसको वास्तविक मार्ग हाम्रा हिमालका काखहरू र जडीबुटीको स्पर्शबाट सुरु हुन्छ ।

आज संसारमा आरोग्य उद्योग तीव्र गतिमा विस्तार भइरहेको छ । 'ग्लोबल वेलनेश इन्स्टिच्युट' का अनुसार यो क्षेत्र खर्बौं डलरको बजार बनिसकेको छ । यसको अर्थ स्पष्ट छ, मानिस बाहिरी वस्तुबाट थाकेर आफ्नै अस्तित्वको खोजीमा छ । उसँग महँगा घडी छन्, तर शान्तिका दुईपल छैनन् । महल छन्, तर निद्रा छैन । ऊसँग दुनियाँ छ, तर ऊ आफैं छैन । उसले संसार जित्न सिक्यो, तर आफैंलाई हराउन पनि सिक्यो । उसले शहर बनायो, महल बनायो, तर आफ्नो भित्रको घर भत्कायो । अब ऊ फेरि आफूलाई खोज्दै छ । यो आधुनिक रिक्ततालाई भर्न सक्ने सामर्थ्य नेपालसँग छ, जहाँको हावामा ऋषिमार्गको सुगन्ध र पानीमा जडीबुटीको ओखती मिसिएको छ ।

वास्तविक आरोग्यका लागि मनको सुख, शरीर र मस्तिष्कको स्वस्थता र आनन्द आवश्यक हुन्छ, जुन इन्द्रियको भोगबाट होइन, योग र ध्यानबाट प्राप्त हुन्छ । नेपाल ध्यानको आदि उद्गम बिन्दु हो, जहाँ हजारौं वर्षअघि ऋषिमुनिहरूले मानव चेतनाको गहिरो विज्ञान पत्ता लगाएका थिए । योग, ध्यान, प्रकृति, संस्कृति, व्यवहार र जडीबुटी यी सबै आरोग्यका आधार स्तम्भ हुन्, जसलाई एउटै सूत्रमा उनेर हामी विश्वलाई नयाँ जीवन दिन सक्छौं । आरोग्य बहुआयामिक विषय हो– यो शारीरिक, मानसिक, सामाजिक, वातावरणीय, भावनात्मक र आध्यात्मिक पूर्णताको नाम हो ।

मानिसले खोज्ने 'सत्-चित्-आनन्द' को अनुभूति नेपालको हिमालयको फेदी र मौन गुफाहरूमा सम्भव छ । हिमालहरू केवल उचाइ होइनन्, ती मौन ध्यानका जीवित मन्दिर हुन् । जहाँ शब्दहरू हराउँछन्, त्यहाँ सत्य जन्मिन्छ । जहाँ मौन बोल्न थाल्छ, त्यहाँ जीवन खुल्न थाल्छ । नेपाल त्यहींको आमन्त्रण हो ।

तर, दुर्भाग्यवश, आज धेरै लगानीकर्ताहरू 'आरोग्य पर्यटन' को नाममा केवल विलासी स्पा, महँगा मसाज र ग्ल्यामरको भ्रम बेचिरहेका छन् । यो हाम्रो मौलिकता र पुर्खाहरूको विरासतका लागि आत्मघाती रणनीतिक भूल हो । हामीले संसारलाई सन्देश दिनुपर्छ, नेपाल केवल घुम्नका लागि होइन, बदलिनका लागि हो । यहाँ आएपछि अशान्त मानिस शान्त भएर फर्कियोस्, दिशाहीनले जीवनको मार्ग भेटोस् । पर्यटक फर्किंदा केवल फोटो होइन, अनुभव लिएर जाओस् ।

आरोग्य भनेको छाला चम्काउनु वा शरीरलाई क्षणिक आराम दिनुमात्र होइन । यो त कोलाहलले थाकेको आत्माको शुद्धीकरण र भौतिकतामा निदाएको चेतनाको जागरण हो ।

थाइल्याण्ड, युरोप वा बालीमा पनि विलासी स्पा पाइन्छन् । पर्यटक नेपाल केवल शरीर मिचाउन आउँदैनन्, उनीहरू आफ्नो अस्तित्वलाई पुन: भेट्न, आफूलाई 'रिसेट' गर्न र नयाँ जन्म लिन आउँछन् ।

त्यसैले आरोग्य पर्यटनलाई केवल शरीरको 'सर्भिसिङ'मा सीमित गर्नु भनेको हिमालको उचाइलाई खाडलमा कैद गर्नुसरह हो । हामी रोगको उपचारमात्र होइन, निरोगी जीवनको सम्पूर्ण 'संस्कृति' दिन सक्छौं । यदि हामीले नेपाललाई केवल 'स्पा गन्तव्य' मा सीमित गऱ्यौं भने हाम्रो मौलिक पहिचान गुम्नेछ ।

पर्यटकले यहाँ मसाजको क्षणिक आनन्दमात्र होइन, मौनको शाश्वत शक्ति अनुभूति गर्नुपर्छ । स्पाले ल्याउने चमक क्षणिक हुन्छ, तर ध्यानले ल्याउने तेज दीगो हुन्छ ।

जबसम्म हामी पर्यटकको शरीरबाट अघि बढेर उसको चेतनासम्म पुग्दैनौं, तबसम्म हाम्रो पर्यटनले विश्वव्यापी उचाइ लिन सक्दैन । त्यसैले अबको लगानी केवल भौतिक पूर्वाधारमा मात्र होइन, 'आन्तरिक पूर्वाधार'मा पनि हुनुपर्छ ।

हामीले बिर्सियौं, हाम्रो देश जडीबुटीको खानी हो । यहाँको माटोमा औषधीय गुण छ, पानीमा अमृत छ । जडीबुटीले केवल रोग निको पार्दैन, दीर्घजीवन दिन सक्छ । यसको प्रवर्द्धनले ग्रामीण अर्थतन्त्र बलियो बनाउनेछ र नेपालको मौलिक स्वास्थ्य पद्धतिलाई विश्वसामु स्थापित गर्नेछ ।

नेपाल सरकारको १०० बुँदे कार्ययोजनाको बुँदा नम्बर ७३ ले नेपाललाई आरोग्य पर्यटनको विश्व केन्द्र बनाउने लक्ष्य राख्नु ऐतिहासिक कदम हो । अप्रिल १५ लाई 'आरोग्य दिवस' का रूपमा अन्तर्राष्ट्रिय मान्यता मिल्नु हाम्रो कूटनीतिक सफलता पनि हो ।

तर, इतिहास साक्षी छ, नेपालमा नीति खराब हुँदैनन्, कार्यान्वयन कमजोर हुन्छ । यो योजना कागजमा सीमित हुनुहुँदैन । स्पष्ट रोडम्याप, पर्याप्त बजेट र निजी तथा आध्यात्मिक क्षेत्रसँगको सहकार्य आवश्यक छ । यही नेपालको वास्तविक 'सफ्ट पावर' हो। यसलाई केवल दिवसमा सीमित नगरी जीवनशैली बनाउनु आवश्यक छ, विद्यालयदेखि राज्य संयन्त्रसम्म ।

आरोग्य विनाको समृद्धि एउटा घातक रोग हो । पहिले मानवलाई स्वस्थ बनाऔं, देश आफैं समृद्ध हुनेछ । समृद्धि बाहिर खोज्दा हराउँछ, भित्र खोज्दा फुल्छ । जब मानिसले आफूलाई भेट्छ, त्यहींबाट राष्ट्र निर्माण सुरु हुन्छ । याद राखौं, भ्यूटावरबाट देखिने दृश्यभन्दा आँखा चिम्लेर देखिने 'म' धेरै विशाल हुन्छ ।

अब प्रश्न यो होइन, नेपालसँग के छ । प्रश्न यो हो, के हामी संसारलाई आरोग्य दिन तयार छौं ? नेपाल तयार छ । अब हामी तयार हुने बेला आएको छ । सन् २०२७ लाई नेपालको आर्थिक र आध्यात्मिक उत्थानको प्रस्थान बिन्दु बनाऔं । आउनुहोस्, नेपाललाई विश्वकै आरोग्यको राजधानी बनाऔं ।

नेपाल नक्साको एउटा देशमात्र होइन, यो चेतनाको विस्फोट हो । यहाँ पाइने शान्ति खोजेर होइन, भत्किएर भेटिन्छ । हिमालले दृश्यमात्र देखाउँदैन, तिमीभित्रको 'तिमी' उजागर गर्छन् । जो यहाँ आइपुग्छ, ऊ फर्किंदैन, ऊ रूपान्तरण भएर जन्मिन्छ । किनकि नेपाल यात्रा होइन, यो आत्माको क्रान्ति हो । यही क्रान्ति र रूपान्तरणको महाअभियानलाई संस्थागत गर्न नेपाल सरकारले अघि सारेको १०० बुँदे कार्ययोजनाको बुँदा नम्बर ७३ एउटा ऐतिहासिक 'प्रस्थान बिन्दु' हो । अब हाम्रो दृढ संकल्प, सहकार्य र इमान्दार कार्यान्वयनले यो मार्गचित्रलाई विश्वकै सबैभन्दा सुरक्षित र शान्त 'आरोग्य गन्तव्य' का रूपमा स्थापित गर्नेछ ।

हिमालले दृश्यमात्र देखाउँदैन, तिमीभित्रको 'तिमी' उजागर गर्छ । आउनुहोस्, हामी सबै मिलेर नेपाललाई विश्वकै आरोग्यको राजधानी बनाऔं, जहाँ आएर संसारले नयाँ जीवन र वास्तविक शान्तिको परिभाषा भेट्न सकोस् । सन् २०२७ लाई नेपालको आर्थिक र आध्यात्मिक उत्थानको स्वर्णिम वर्ष बनाऔं । हामी तयार छौं, अब विश्वलाई आरोग्य बाँड्ने पालो हाम्रो हो । *(अनलाइनखबरबाट)*

*सिम्खडा, उच्चस्तरीय आरोग्य दिवस आयोजक समिति सदस्य हुन्।*

> नेपाल सरकारले १०० बुँदे कार्ययोजनाको बुँदा नम्बर ७३ मा देशलाई आरोग्य पर्यटनको विश्व केन्द्र बनाउने लक्ष्य राखेको छ । सन् २०२७ लाई नेपालको आर्थिक र आध्यात्मिक उत्थानको प्रस्थान बिन्दु बनाउने योजना छ । नेपालको मौलिक आरोग्य पर्यटनमा योग, ध्यान, जडीबुटी र हिमाललाई जोडेर विश्वलाई नयाँ जीवन दिने प्रयास भइरहेको छ ।

# अब पालो मुख्य सचिवदेखि सहयोगीसम्मको व्यवहारमा सुधार



गोकर्णप्रसाद उपाध्याय

प्रतिनिधिसभा सदस्य निर्वाचनमा एउटै दलको झन्डै दुई-तिहाइ आएबाट राज्य सञ्चालनको सबैभन्दा महत्त्वपूर्ण पाटो राजनीतिमा मतदाताले परिवर्तन खोजेको छर्लंगै देखियो । तिनै मतदाताले सेवाग्राहीका रूपमा राज्य सञ्चालनको अर्को पाटो सार्वजनिक प्रशासनमा पनि अनुभूतियोग्य सुधार खोजेका छन् । तर, सार्वजनिक प्रशासनप्रति सधैं नागरिक असन्तुष्टि उच्च छ । त्यसैले राजनीतिमा सुधारको छलाङसँगै स्थायी सरकारको 'पगरीधारी कर्मचारीतन्त्रले आत्मसमीक्षा गर्दै सुध्रिनुपर्ने' टर्निङ प्वाइन्ट आइसकेको छ ।

अबको सरकारको 'स्पिरिट र स्पिड' पहिलेभन्दा फरक छ । फरक सोच र गति पनि फरक छ । त्यो गति र लय च्याप्प समातेर सरकारलाई सफल बनाउने जिम्मेवारी निजामती, शिक्षक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, संस्थानका कर्मचारीदेखि अस्थायी, करार र ज्यालादारीका र ाष्ट्रसेवक लगायतले पूरा गर्नुपर्छ । कर्मचारीतन्त्रीय 'लोसेपन' अन्त्य हुनुपर्छ । दोहोऱ्याउन चाहन्छु - समग्र सार्वजनिक प्रशासन र सबै राष्ट्रसेवक 'लोसे' छन् भन्ने होइन । सबै खराब छन् र सबै सुध्रिनुपर्छ भनेको पनि होइन । जहाँ नागरिक असन्तुष्टि उच्च छ, जो कर्मचारीको व्यवहार सेवाग्राहीमैत्री छैन, त्यहाँ हो सुधारको खाँचो ।

### सार्वजनिक सेवाका तीता कुरा

उपभोक्ता ठाउँको ठाउँ ठगिएका छन् । सार्वजनिक यातायात सुरक्षित र विश्वसनीय छैनन् । सबैतिर अनलाइन प्रणालीको व्यावहारिक कार्यान्वयन छैन । नागरिकले एकातिर गुनासा गर्छन्, अर्कोतिर सुझाव दिन्छन् । तर सार्वजनिक प्रशासनमा दुवैलाई बेवास्ता गर्ने संस्कार छ । यो बेथिति तथ्यमा भन्न नसकिएला तर भ्रष्टाचार अवधारणा सूचकांकमा पछिल्लो पाँच वर्षमा ३३ देखि ३५ अंक मात्र प्राप्त हुनु, अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा भ्रष्टाचारसम्बन्धी उजुरी संख्या बढ्दो क्रममा हुनु, आयोगमा आर्थिक वर्ष २०८०/८१ मा २६,९१८ र २०८१/८२ मा २८,५५४ नयाँ उजुरी दर्ता हुनु दु:खद् हो नै ।

नागरिकका गुनासो सुन्न २०६८ साल कात्तिकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा स्थापना भई हाल चौबिसै घण्टा सञ्चालनमा रहेको 'हेलो सरकार' को अनलाइन पोर्टलमा २०८२ फागुनसम्म ८० हजारभन्दा बढी गुनासा दर्ता भए । २०८१/८२ का १५,८६८ गुनासामध्ये सबैभन्दा धेरै नेपाल प्रहरीसँग सम्बन्धित २,१७६, दोस्रोमा गृह मन्त्रालयसँग सम्बन्धित ६१९ र तेस्रोमा नेपाल विद्युत प्राधिकरणसँग सम्बन्धित ५८२ गुनासा छन् । सार्वजनिक सेवालाई गुनासोरहित बनाउन व्यापक काम गर्नुपर्ने यसबाट देखिन्छ । थप उदाहरण हेरौं ।

कुल जनसंख्याको २.२ प्रतिशत अर्थात् झन्डै साढे ६ लाख जनसंख्या कुनै न कुनै प्रकारको अपांगतामा रहँदा अपांगमैत्री कार्यालयको अवधारणा सबैतिर कार्यान्वयनमा छैन ।

हालै बनेका स्थानीय तहका बहुतले भवनहरूमा 'लिफ्ट'को व्यवस्था खै ? कार्यालयमा सोधपुछ काउन्टरहरूभित्र कर्मचारी बसेको समेत नदेखिने गरी अग्ला बनाउन मिल्छ ? अपांगतामैत्री, लैंगिकमैत्री नभएका शौचालय अब पनि हुन्छन् र ? स्तनपान कक्षसहितको कार्यालयको सोच कागजमा सीमित गर्न पाइन्छ ? सबै सरकारी कार्यालयमा सेवाग्राहीलाई बस्ने ठाउँ र सुविधा आवश्यक पर्दैन ? सिंहदरबारको दक्षिणी गेटमा समेत प्रवेश 'पास' लिन आउने सेवाग्राहीलाई बस्ने ठाउँ हुनु पर्दैन ?

कार्यालयका वेबसाइट छन्, सबै अद्यावधिक हुँदैनन् । मोबाइल एप्स वा अनलाइन प्लेटफर्महरू सहजै चलाउन सक्ने गरी प्रयोगकर्तामैत्री हुँदैनन् । सरकारले बनाएको एकीकृत कार्यालय व्यवस्थापन प्रणाली बेलामा खुल्दैन । झन्झटरहित, गुनासोरहित र समयमै सेवा दिने । सेवाग्राहीसँग शिष्ट व्यवहार देखाउने । कार्यस्थलको भौतिक अवस्था सुधार्ने । सामूहिक कार्यशैली अपनाउने । सार्वजनिक प्रशासनले यी विशेषता बोक्नुपर्ने भएपनि हामीकहाँ नागरिकले राष्ट्रसेवकहरू अनुदार, असंवेदनशील र अनुत्तरदायी भएको महसुस गरेका छन् ।

सेवा लिन गएका सेवाग्राहीसँग राम्रो 'रेस्पोन्स' नगर्ने, ड्राइभिङ लाइसेन्स वर्षौंसम्म हातमा नआउने, कार्यालयमा टिरिङ टिरिङ बजिरहने टेलिफोन नउठाएर मासिक बिलमात्र उठाउने, कार्यालयको नम्बरसहितको मोबाइलमा आउने सेवाग्राहीका कल, म्यासेज वा गुनासोको सुनुवाइ नगर्ने, सामाजिक सञ्जालका इनबक्सहरू नहेर्ने र लाखौं खर्चिएर बनाएका वेबसाइटहरू अपडेट नगरी राख्ने । खबरदार– अबको नागरिक अभिमत अनि जागरूकताले यस्ता कमजोरीमा छुट पाइनेवाला छैन ।

पचहत्तर वर्षको नागरिकलाई घरमै पुगेर नागरिकता दिइएकोमा प्रचार गर्ने, सामाजिक सञ्जालमा फोटो पोस्ट्याउने ? यत्रो उमेरसम्म नागरिकता नपाउनुमा प्रदायककै पनि दोष हो कि ? आवश्यक प्रमाण पुऱ्याउने दायित्व सेवाग्राहीको हो तर, कर्मचारीको अगाडि उभिएर कुरा गर्न नसक्ने सेवाग्राहीलाई सेवाप्रति सचेत गराउने जिम्मेवारी त फेरि सेवा प्रदायककै होला । व्यवहारमा आफूलाई मालिक ठान्ने सोचबाट केही कर्मचारी ग्रसित हुँदा कैयौं सेवाग्राही सेवाबाट बञ्चित हुनुपरेको छ ।

मुस्कानसहितको सेवाको नारा तर सेवाग्राहीसँग द्वन्द्व । सेवा नपाए क्षतिपूर्ति त भन्ने मात्रै हो, मुस्कानसहितको सेवा भनेजस्तै । निजामती सेवामा कतै ओभरस्टाफिङ (आवश्यकताभन्दा धेरै कर्मचारी) छ, कतै अन्डर स्टाफिङ (आवश्यकताभन्दा थोरै कर्मचारी)। सेवाग्राही र निजामती कर्मचारीको अनुपात नमिलेको हो कि ? नेपालमा यो अनुपात १:२१० छ जबकि भुटानमा १:२५ । संघीयता अँगालिसक्दा पनि सोच केन्द्रीकृत नै छ ।

कर्मचारी समायोजन हुँदा २०७६ सालमा संघमा रहेको ४८ हजार दरबन्दी २०८२ सालमा आइपुग्दा ५३ हजार नाघिसकेको छ । करिब १ लाख ४० हजार कर्मचारी भइसके । सेनाको संख्या करिब एक लाख, नेपाल प्रहरी सत्तरी हजार र अर्धसैनिक बलको रूपमा रहेको सशस्त्र प्रहरी बल, नेपालको संख्या करिब ३५ हजार छ । यो सबै केका आधारमा तय गरियो ? यसलाई वैज्ञानिक ढंगले पुनर्बिचार गरिनुपर्छ कि ?

### सिंहदरबारभित्रका केही दृश्य

प्रशासनिक केन्द्र सिंहदरबारभित्र ट्रान्समिटर पड्किएको पड्क्यै गर्दा सामान्य ठान्ने ठाउँमा अन्यत्र सेवा दिँदादिँदै बत्ती झ्याप्प जानुलाई के ठूलो ठान्नु ? त्यही सन् २०२५ को विश्व वातावरण दिवस मनाइरहँदासम्म सन् २०१२ को विश्व वातावरण दिवसको खुइले पोस्टर हाँसिरहेकै छ । सिंहदरबारभित्र कर्मचारीको खाजा समय बचाउन खोलिएको 'सेन्ट्रल क्यान्टिन' ले काम गरेन । मन्त्रालयपिच्छे 'क्यान्टिन' खुल्दै गए । सबै दर्ता पनि छैनन् । अझ मन्त्रालय नै बसाउने गरी तलातलामा खाजा पकाउने प्रवृत्ति रोकिएको छैन । मन्त्रालयका तलैपिच्छे फरक फरक रङका पर्दा छन्, फर्निचर त्यस्तै फरक । कुरा साना हुन् र सेवा प्रवाहसँग सिधै जोडिने विषय नभए पनि प्रशासनिक कार्यशैलीको चित्रण गर्ने उदाहरण हुन् । सचिव बैठक बस्छ । मुख्य एजेन्डा हुन्छ सेवा सुधार । कार्यालयको समग्र व्यवस्थापन परीक्षण गऱ्यो, ५० अंक कट्दैन । जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बस्ने कार्यालय प्रमुखहरूको बैठक होस् वा कार्यालयमा कार्यालय प्रमुखले राख्ने बैठक– एजेन्डा उही– सेवा प्रवाह सुधार । तर समग्रमा गुनासो बढेको बढ्यै छ ।

### प्रशासन किन उत्तरदायी हुन सकेन ?

आचरण उल्लंघन होस् वा तोकिएको कार्यसम्पादन नगरेर भएका कैयौं गल्तीमा राष्ट्रसेवकलाई कारबाही भएको खासै पाइँदैन । वार्षिक एकाधलाई हुन्छ होला विभागीय सजाय । प्रहरीमा विभिन्न दर्जाका प्रहरी कर्मचारी सम्पर्कमा नआएकाले कारबाहीको सूचना प्रकाशन हुँदासम्म प्रहरी जागिर छाडेर अन्य अवसरको खोजीमा अन्तै पुगिसकेको हुन्छ । केही शिक्षकहरूले महिनौं हाजिर नगर्दा पनि तलब 'पाक्न' रोकिँदैन । कतिपय संस्थानमा हाजिर गरेको भरमा थप भत्ता आइरहन्छ । अब यस्तो नहोस् । कारण अनेक भएपनि मूलत: अधिकांश कर्मचारी स्वार्थबाट माथि उठ्न सकेनन् । एकातिर न्यून तलब र अन्य सुविधा, अर्कोतिर कर्मचारीलाई उचित परामर्शको कमी र अवसरमा विभेद छ । सरकारी सेवामा प्रवेश गर्न उत्तीर्ण गर्नुपर्ने पाठ्यक्रम एक किसिमको अनि फिल्डमा देखिने व्यावहारिक समस्याहरू बेग्लै किसिमका छन् ।

*बाँकी पृष्ठ ३ मा*

> अमेरिका जस्तो सम्पन्न मुलुकमा त सार्वजनिक सेवा सुधार गर्दै लैजाने विषय प्रमुख एजेन्डा बनाइन्छ भने नेपालमा सार्वजनिक सेवामा सुधार हुने, सेवाग्राहीप्रति उत्तरदायित्व अभिवृद्धि गर्ने विषय सबै सरकारका प्राथमिकतामा नपरी सुखै छैन ।

# *'हामी तीन भाइ'* पुरानोले सय दिन मनायो, नयाँलाई एक साता टिक्न पनि हम्मे




पछिल्लो समय नेपालमा कालजयी फिल्मको नाममा नयाँ फिल्म बनाउने 'ट्रेन्ड' नै चलेको छ । कुनै पनि फिल्म प्रदर्शन भएको १० वर्षपछि सोही नाममा अर्को फिल्म बनाउन पाउने कानुनी व्यवस्था छ । यसैले पहिला लोकप्रिय भएका फिल्मको नाम सापटी लिएर नयाँ कथा वस्तुमा फिल्म निर्माण भइरहेका छन् । तर, कुनैले अघिल्लो फिल्मको साख जोगाउन सकेका छैनन् ।

गत पुषमा आएको 'मुगलान' होस् वा गत शुक्रबार (चैत १३ गते) प्रदर्शन भएको 'हामी तीन भाइ', जसले पुरानो फिल्मको नाम प्रयोग गरेपनि न त्यसको फाइदा उठाउन सके न अघिल्लो संस्करणको साख जोगाउन सफल भए । नयाँ 'मुगलान' हलमा एक साता पनि टिक्न सकेको थिएन । 'हामी तीन भाइ'को अवस्था पनि उस्तै छ । फिल्म हेर्न दर्शकले फिटिक्कै रुचि देखाएका छैनन् ।

२२ वर्षअघि प्रदर्शनमा आएको स्व. शिव रेग्मी निर्देशित 'हामी तीन भाइ' हलमा एक सय दिनभन्दा बढी समय चलेको थियो । यो तत्कालीन समयमा सर्वाधिक कमाउने फिल्म समेत हो । यसका संवाददेखि गीतसम्म दर्शकलाई अझै पनि कण्ठस्थ छ । तर, नयाँ 'हामी तीन भाइ'ले न हलमा अपेक्षित दर्शक पाएको छ, न पाएको दर्शकलाई सन्तुष्टि दिएको छ ।

फिल्म हेर्ने दर्शक नै नभएपछि धेरै हलहरूले शो हटाइसकेका छन् । पहिलो दिन देशव्यापी ५० हाराहारी शो पाएको फिल्मको मंगलबारसम्म आइपुग्दा ९५ प्रतिशत शो गुमिसकेको छ । बाँकी रहेका शोमा पनि टिकट बिक्री निकै दयनीय देखिन्छ । यही अवस्था रह्यो भने आगामी शनिबारसम्म पनि फिल्मलाई हलमा टिक्न मुस्किल पर्नेछ ।

'मुगलान' र 'हामी तीन भाइ'को नाममा बनेका नयाँ फिल्मको व्यापारिक हविगत हेर्दा एउटा कुरा के स्पष्ट हुन्छ भने कालजयी फिल्मको नाम प्रयोग गर्दैमा दर्शकले विश्वास गर्दैनन् । पुरानो फिल्मको नाम प्रयोग गर्नु झन् ठूलो जोखिम देखिन्छ । कम्तीमा यी दुई फिल्मबाट अब निर्माताहरूले पाठ सिक्न जरुरी छ । नभए पछि फुर्सदमा पछुताउनुबाहेक केही विकल्प रहँदैन ।

# *पक्राउ परे कलाकार 'बले'*



*बलात्कार आरोपपछि ९० प्रतिशत छायांकन सकिइसकेको 'पाँच पाण्डव'बाट निकालिए 'बले'*

हास्य कलाकार सागर लम्साल (बले) पक्राउ परेका छन् । जिल्ला प्रहरी परिसर काठमाडौंले उनलाई बलात्कारको आरोपमा शनिबार बिहान बुढानीलकण्ठबाट पक्राउ गरेको हो ।

शुक्रबार अमेरिका बस्ने विष्ट थरकी एक युवतीले सागर माथि बलात्कारको आरोप लगाएकी थिइन् । त्यसकै आधारमा प्रहरीले उनलाई सोधपुछका लागि नियन्त्रणमा लिएको हो । पीडितको तर्फबाट अहिलेसम्म उजुरी भने परेको छैन ।

नेपाली फिल्मकी अभिनेत्री समेत रहेकी ती युवतीले शुक्रबार सामाजिक सञ्जालमा लामो पोस्ट लेख्दै एक वर्षअघि सागरले आफूलाई अमेरिकामा रहेको आफ्नो अपार्टमेन्टमा बलात्कार गरेको आरोप लगाएकी थिइन् । यसपछि सामाजिक सञ्जालमा दोषीलाई कारबाही हुनुपर्ने भन्दै व्यापक आवाज उठेको थियो ।

सागर डेढ दशकदेखि सिरियल र फिल्म अभिनयमा सक्रिय छन् । 'भद्रगोल' सिरियलमा निभाएको 'बले' चरित्रबाट चर्चामा आएका उनले सन् २०१३ मा प्रदर्शन भएको 'लोफर'बाट फिल्ममा डेब्यू गरेका थिए । यसपछि 'लज्जा', 'हैरान' र 'लाज शरणम्' फिल्ममा काम गरेका उनको नयाँ फिल्म 'डल्लेले इन्ट्री मार्‍यो' प्रदर्शनको पर्खाइमा छ ।

# नातिनी उमेरकी युवतीसँग बिराजको 'रोमान्स'



अभिनेता विराज भट्टले केही वर्षयता नयाँ अभिनेत्रीहरूसँग सहकार्य गरिरहेका छन् । उनका अघिल्ला दुई फिल्म 'साङ्लो' र '१२ गाउँ'मा उनको जोडी नयाँ अभिनेत्रीसँग बाँधिएको थियो । आगामी फिल्म 'राम नाम सत्य'मा पनि उनले एक नयाँ अभिनेत्रीसँग काम गरेका छन् । फिल्मको 'हुम्लाको लिमी' गीतमा उनले नव-अभिनेत्री खुसी कार्कीसँग नृत्य गरेको देख्न सकिन्छ ।

फिल्मको उक्त गीत सार्वजनिक भएपछि विराजले नातिनी उमेरकी युवतीसँग रोमान्स गरेको भन्दै टिका-टिप्पणी भइरहेको छ । बिहीबार काठमाडौंमा आयोजित ट्रेलर सार्वजनिक कार्यक्रममा उनलाई यही विषयमा प्रश्न गरिएको थियो । जसमा उनले राम्रो कलाकार फिल्ममा आउन बञ्चित नहोस् भनेर आफूले कम उमेरको हिरोइनसँग पनि काम गरिरहेको बताए ।

उनले भने, 'मैले आफ्नो छोरा समीर भट्टसँग पनि दाइ-भाइको रोल गरेको छु । र, फेरि पनि गर्दैछु । अनि अर्को कुरा, फिल्ममा नयाँ हिरोइन ३०-३५ वर्षका त आउँदैनन् होला । आउने भर्खरका नै हुन् । अनि नयाँ कलाकारलाई हामीले 'ऊ सानो छ, उमेर नै मिल्दैन' भनेर हटाइदियौं भने एउटा राम्रो कलाकार आउनबाट बञ्चित हुन्छ । यसैले यो कुरामा हामी सकारात्मक नै हुनुपर्छ ।'

उनले नयाँ कलाकारसँग काम गर्न आफूलाई रमाइलो लाग्ने पनि बताए । भन्छन्, 'नयाँ कलाकारसँग म कम्फर्टेबल (सहज) पनि हुन्छु । उनीहरूसँग आफ्नो 'स्प्रिड' मिलाउन पाउँदा रमाइलो लाग्छ । उनीहरूबाट पनि हामीले केही सिक्ने हो । हाम्रो अनुभव पनि उनीहरूलाई काम लाग्छ । यसैले नयाँ कलाकारलाई हामीले 'इग्नोर'भन्दा पनि 'सपोर्ट' गर्नुपर्छ ।'

कार्यक्रममा विराजले कलाकारहरूलाई दिइने विभिन्न ट्यागबारे पनि धारणा राखेका थिए । उनले ट्यागलाई गम्भीर रूपमा नलिन सुझाव दिँदै भने, 'म आफू चाहिँ ट्यागलाई गम्भीररूपमा लिन्नँ । म के भन्छु भने सबैभन्दा पहिला राम्रो कलाकार बन्नूस् । राम्रो अभिनय गर्नूस् । कलाकार भएपछि अभिनय, एक्सन, नृत्य सबैमा राम्रो हुनुपर्छ । ट्याग भन्ने चिजलाई गम्भीररूपमा लिनु हुँदैन ।'

# तिलोत्तमामा खुल्यो एक अर्ब बढी लगानीमा *टाइगर फरेस्ट होटेल*



बुटवल/ रुपन्देहीको तिलोत्तमा १३ चिल्हियामा लुम्बिनी प्रदेशकै पहिलो बियर गार्डेनसहितको 'टाइगर फरेस्ट होटेल' सञ्चालनमा आएको छ ।

तिलोत्तमाका उद्यमी मिनराज भूसालले यस क्षेत्रमै नौलो र मौलिक पहिचान दिने गरी ५ बिघा क्षेत्रफलमा बियर गार्डेनसहितको होटल सञ्चालनमा ल्याएका हुन् ।

हाल एक अर्ब बढी लगानी भएको होटेलमा शाइन रेसुंगा डेभलपमेन्ट बैंकको कर्जा लगाानी रहेको छ ।

होटलको फरक र नयाँ विशेषतामा हरियाली जंगलसँगै जोडिएको, होटेलका रुमहरु पूर्णत: सल्लाको काठबाट बनेका (उडन भिल्ला) र बोतलमा सिलबन्दी नभएको आफ्नै उद्योगको फ्रेस (ड्राफ्ट) बियर उपलब्ध हुनु रहेका सञ्चालक भूसालले बताए । भूसाल बाह्रसिंगे ब्राण्डको बियर उद्योगका सञ्चालकसमेत हुन् ।

पाँचतारे होटेल टाइगर प्यालेस रिसोर्टसंगै जोडिएर दक्षिणतर्फ सञ्चालनमा आएको होटेलमा पहिलो चरणमा बियर गार्डेन, २० वटा उडन भिल्ला (रुम), ५० जना क्षमताको हल, चौतारी बार, डान्स क्लब र स्पा सञ्चालनमा आइसकेका सञ्चालक भूसालले बताए ।

उडन भिल्लाको डिजाइन अष्ट्रियन इन्जिनियरले गरेका हुन् । यस्ता उडन भिल्ला र ड्राफ्ट बियर गार्डेन त्रिशुली किनार कुरिनटारमा बाह्रसिंगे बियर उद्योग बाहिरमात्रै रहेको भूसालले बताए ।

करिब दुई सय जना क्षमताको चाइनिज रेष्टुरेन्ट र एक हजार जना क्षमताको ब्याङ्क्वेट हल निर्माणको अन्तिम चरणमा रहेकाले नेपाली नयाँ वर्षमा होटेलको औपचारिक उद्घाटन गर्ने गरी काम भइरहेको सञ्चालक भूसालले बताए ।

निकट भविष्यमा थप ४० वटा रुम, स्वीमिङ पूल र मिनी क्यासिनो निर्माण गरी चारतारे होटेलको स्वीकृति लिने गरी तयारी भइरहेको उनले जानकारी दिए ।

'आन्तरिक र भारतीय पर्यटकलाई फरक विशेषता सहितको नौलो हस्पिटालिटी सेवा दिने उद्देश्यले होटलमा लगानी गरेको हो', भूसालले भने, 'खुला आकाशमुनि हरियाली वातावरणमा बसेर ताजा बियरको अनुभव लिन पाउने सुविधा यस क्षेत्रमै नयाँ अनुभवका रूपमा प्रस्तुत गरेका छौं ।'

बुद्धजन्मस्थल लुम्बिनी आउने पर्यटक पनि रिसोर्टका लक्षित पाहुना भएको उनले खुलाए । मुलुकमा राजनीतिक स्थिरता र व्यवसायिक वातावरण बन्यो भने भविष्यमा थप १५० करोड रुपैयाँ लगानी गरी पाँच तारे होटलमा स्तरोन्नति गर्दै भारतीय पर्यटक लक्षित सेवा सुविधा थप्दै जाने योजना रहेको भुसालले बताए ।

'शहरभन्दा टाढा, शान्त र हरियाली वातावरणमा बन्दै गरेको रिसोर्टले प्रदेशको पर्यटन क्षेत्रमा फरक पहिचान बनाउने विश्वास छ', भूसालले भने, 'प्राकृतिक परिवेश, खुला स्थान र मौलिक संरचनाको शैलीले रिसोर्टलाई अन्य परम्परागत होटलभन्दा अलग बनाएको छ, भविष्यमा यसलाई नेपालकै उदाहरणीय वेलनेस र इन्टरटेनमेन्ट टुरिजम स्पट बनाउने लक्ष्य छ ।'

रिसोर्टमा हाल करिब ७० जना स्थानीयलाई प्रत्यक्ष रोजगारी दिएको जनरल म्यानेजर क्षितिज खनालले बताए । आन्तरिक तथा लुम्बिनी आउने विदेशी र भारतीय पर्यटकका लागि फरक अनुभव दिने लक्ष्यसहित अघि बढेको यो होटेल तिलोत्तमाको मात्र नभई प्रदेशकै नमुना पर्यटन गन्तव्य बन्ने अपेक्षा गरिएको नगर प्रमुख रामकृष्ण खाँणले बताए ।

## पेट्रोलियम पदार्थमा मूल्यवृद्धिको विरोधमा प्रदर्शन

काठमाडौं/ पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिको विरोधमा युवाहरूले काठमाडौंमा विरोध प्रदर्शन गरेका छन् ।

पेट्रोलियम पदार्थमा भएको मूल्यबृद्धिका कारण दैनिक उपभोग्य बस्तुको समेत मूल्यवृद्धि हुन सक्ने भन्दै उनीहरूले प्रदर्शन गरेका हुन् । उनीहरूले महंगीको मार बन्द गर, पेट्रोल कर कम गर, मूल्य घटाएर जनतालाई राहत देउ, पेट्रोलमा कर खारेज गर लगाएतका प्लेकार्ड प्रदर्शन गरेका थिए । राष्ट्रिय जेनजी नागरिक अभियान र कुशासन बिरुद्धको महाअभियानको आयोजनामा भएको प्रदर्शनका सहभागीहरूले हाल पेट्रोलमा लगाउँदै आएको विभिन्न कर खारेज गरेर मूल्य घटाउनु पर्नेमा जोड दिएका थिए ।

## लमजुङ जिप दुर्घटनामा दुईको मृत्यु, १२ घाइते

पोखरा/ लमजुङमा जिप दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ भने १२ जना घाइते भएका छन् । मर्स्याङ्दी गाउँपालिका वडा नम्बर ७ मा बेँसीसहरबाट उस्ताका लागि छुटेको ग. १ ख ६४७० नम्बर जिप दुर्घटनामा परेको हो ।

सडकबाट करिब ५० मिटर तल खसेर दुर्घटनाग्रस्त जीपबाट १४ जनालाई उद्धार गरी अस्पताल पुर्‍याइएको थियो, तीमध्ये २ जनाको मृत्यु भएको र बाँकी १२ जना घाइतेहरूको हाल अस्पतालमा उपचार भइरहेको छ ।

# अब पालो मुख्य सचिवदेखि...

**निराशै हुनुपर्ने हो त?**

विद्युतीय शासनलाई बढावा दिइएको छ । राजस्व र सरकारी भुक्तानी पूर्णत: अनलाइन भइसक्यो । सम्पत्ति व्यवस्थापनका लागि पाम्स प्रणाली कार्यान्वयनमा छ । राष्ट्रिय परिचयपत्र अनिवार्य बनाइएको छ । नागरिक एप्सको प्रयोगमार्फत् नागरिकलाई धेरै कुरामा सहज भएको छ । लोडसेडिङ अन्त्य भएको छ, फोहोरमैला व्यवस्थापनमा उल्लेख्य उपलब्धि भएको छ । सुशासन मार्गचित्र २०८२ जारी भएको छ । शासकीय सुधारसम्बन्धी सरकारका एकसय कार्यसूचीमा प्रशासनिक सुधारका एघार तथा सार्वजनिक सेवा प्रवाह र गुनासो व्यवस्थापनका आठ कार्यसूची परेका छन् ।

तीनै तहका सरकार सार्वजनिक सेवा अझ राम्रो बनाउन आफ्ना-आफ्ना क्षमता, सीप कौशल विकासमार्फत् उत्तर दायित्व अभिवृद्धि गर्न प्रयासरत छन् । सूचनाको हक र स्वत: प्रकाशन जस्ता व्यवस्थाले नागरिकलाई सचेत र सशक्त बनाएका छन् । सार्वजनिक सुनुवाइजस्ता प्लेटफार्ममार्फत् नागरिकप्रतिको उत्तरदायित्व बढाइँदैछ । हेलो सरकार कक्षबाट नागरिकका गुनासो सम्बोधन हुने गरेको छ । यी प्रयासहरूले निराश हुनबाट रोके पनि समग्र सार्वजनिक प्रशासनका धेरै पक्षमा सुधार गर्न बाँकी देखिन्छ ।

**कसरी सुधार गर्ने ?**

नागरिकको करबाट तलब सुविधा पाइरहेका र सेवा गर्ने सपथ लिएका राष्ट्र सेवकहरू सेवाग्राहीप्रति थप उत्तरदायी हुनुपर्छ । व्यवस्थापिकाले निजामती सेवा ऐन, शिक्षा ऐन लगायत आवश्यक कानुन बनाएर कर्मचारीलाई गाइड गर्नुपर्छ । राजनीतिज्ञ र प्रशासकलाई जिम्मेवारी तोक्ने र निर्णयका तहहरू किटान गर्ने सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन होस् वा मन्त्रालयका सचिवलाई लेखा उत्तरदायी अधिकृत तोक्ने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, सबैको नतिजामुखी कार्यान्वयन गर्दै जानुपर्छ । अरू देशका सेवा, सुधारका ठूलाठूला दृष्टान्त छाडेर तीनै तहका कर्मचारीले आफ्नो साख बढाउन आफैं उदाहरण बन्नुपर्छ ।

विद्यमान इमानदारी, नैतिकता, आध्यात्मिकताले थेग्दैन, मुख्य सचिवदेखि कार्यालय सहयोगीसम्मले व्यवहार सुधार्नुपर्छ । कृत्रिम बौद्धिकताले मात्र पुग्दैन, संवेगात्मक बौद्धिकता पनि चाहिन्छ । परिवर्तनको अनुभूति दिलाउन कर्मचारीले सेवाग्राहीको भावना बुझ्नुपर्छ न कि बाध्यता । प्रशासनिक कार्यविधि तर्जुमा गर्दा वा सेवाको ढाँचा निर्धारण गर्दा, अधिकारिक नागरिक संलग्नताको सुनिश्चितता गरिनुपर्छ । यस्ता काम नगरी सुस्त प्रशासन चुस्त हुनै सक्दैन । प्रविधि विस्तार, कृत्रिम बौद्धिकता र बहुसीपयुक्त कर्मचारीको उपलब्धताका कारण न मन्त्रालय यति धेरै चाहिन्छन्, न मन्त्रालयमा यति धेरै कर्मचारी ।

अहिले पनि केही संघीय र प्रदेश मन्त्रालयमा दैनिक दुई थान पत्राचार गर्न नपर्ने फुर्सदिला शाखाहरू छन् । सिंहदरबारको चौर तिर देखिने कर्मचारीको 'बिस्कुन' ले यो पुष्टि गर्छ । 'गोल्डन ह्यान्डसेक' मार्फत् सेवाबाट अलग्गिन चाहने कर्मचारीलाई बिदाइ गरेर कर्मचारी संख्यामा व्यापक कटौती गर्न सकिन्छ ।

अवसर र सरूवा, नेपालको सार्वजनिक प्रशासनको राष्ट्रिय समस्या । निजामतीमा दुई वर्षमा सरूवा गर्ने भनिए पनि कसैको वर्षौंसम्म हुँदैन, कसैको वर्षमै दुई पटक । मन्त्रीसमेत सरूवा काण्डमा मुछिए । प्रहरीमा इन्चार्ज भएर जान त्यस्तै । हुम्लालगायत भत्ता बढी हुने जिल्लामा सरूवा भई जान भनसुन उस्तै । संस्थानहरूमा सरुवा, पदस्थापनामा ट्रेड युनियनको दबाब । कर्मचारीले सबैभन्दा बढी समय खर्चिनुपर्ने, भनसुन गर्नुपर्ने र अनावश्यक तनाव दिने सरूवा प्रणालीमा सुधार नगरी हुँदैन । अन्य अवसर, तालिम, विदेश भ्रमण र क्षमता विकासलाई पनि वस्तुगत मापदण्डका आधारमा अनुमानयोग्य र पारदर्शी बनाइनुपर्छ । तीन तहका सरकारले प्रो-एक्टिभ भएर सुधार तर्फ अग्रसर हुनुपर्छ । संघले सबै तह चलाउन सेवाको मानक बनाउनुपर्छ । राम्रो अभ्यास जुनसुकै तहले पनि एक अर्काबाट सिक्नुपर्छ । कर्मचारीले जे गर्दा पनि शत्प्रतिशत अंक पाउन सक्ने कार्यसम्पादन मूल्यांकन पद्धति सुधार्नुपर्छ । प्रशासनिक कार्यविधि बनाउँदा होस् वा सिस्टम निर्माण गर्दा वा सेवाको ढाँचा निर्धारण गर्दा नागरिक संलग्नता बढाउनुपर्छ । नागरिक र प्रशासनको अन्तर्क्रिया हुने प्लेटफार्महरू बनाउनुपर्छ । राष्ट्रिय सदाचार नीति तत्काल ल्याएर सबैमा सार्वजनिक दायित्व बाँड्नुपर्छ । यी काम गर्न ढिला गर्नु हुँदैन ।

सेवा प्रवाहमा मागकर्ता र प्रदायकबीच जहाँ पनि असन्तुष्टि हुन्छ । अमेरिकामा पनि दोस्रो पटक राष्ट्रपति भई आएका डोनाल्ड ट्रम्पले कर्मचारीतन्त्र भत्काउने, अधिक नियमनमा कटौती गर्ने, अनावश्यक खर्च घटाउने र संघीय निकायको पुनर्संरचना गर्नेजस्ता चार उद्देश्य लिएर 'डिपार्टमेन्ट अफ गभर्मेन्ट इफिसिएन्सी' गठन गरे । अमेरिका जस्तो सम्पन्न मुलुकमा त सार्वजनिक सेवा सुधार गर्दै लैजाने विषय प्रमुख एजेन्डा बनाइन्छ भने नेपालमा सार्वजनिक सेवामा सुधार हुने, सेवाग्राहीप्रति उत्तरदायित्व अभिवृद्धि गर्ने विषय सबै सरकारका प्राथमिकतामा नपरी सुखै छैन । त्यसमाथि वर्तमान सरकार प्रति नागरिकका अपेक्षा अभूतपूर्व रूपमा चुलिएकाले सार्वजनिक सेवा सुधार्न आफ्ना कमजोरी पहिचान गर्दै कर्मचारी संयन्त्र नसुध्रिई हुँदैन ।

*(सेतोपाटी डटकमबाट)*

*(लेखक, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उपसचिव हुन्।)*

# फेवाताल किनारका बाँकी संरचना १५ दिनभित्र हटाउन अल्टिमेटम




पोखरा/ पोखरा महानगरपालिकाले फेवातालको मापदण्ड विपरीत निर्माण भएका बाँकी संरचना हटाउन १५ दिने अल्टिमेटम जारी गरेको छ । शनिबार एक विज्ञप्ति जारी गरी महानगरले भत्काउन बाँकी रहेका सबै संरचना १५ दिनभित्र हटाइसक्न आदेश दिएको हो ।

सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा महानगरको समेत सक्रियतामा प्रहरी लगाएर करिब ३० वटा अस्थायी संरचनामा डोजर लगाइएको छ ।

'तालको सीमाङ्कन कार्य सम्पन्न भइसकेपछि पनि सर्वोच्च अदालतबाट कायम गरिएको जल सतहको उच्चतम बिन्दुबाट ६५ मिटरभित्र पर्ने क्षेत्रमा रातारात संरचनाहरू निर्माण भएको पाइएकाले महानगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ,' सूचनामा भनिएको छ, 'अटेर गरी सीमाङ्कन पश्चात् निर्माण गरिएका सम्पूर्ण अनधिकृत संरचनाहरू यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र हटाउनुहुन सम्बन्धित निर्माणकर्तालाई सूचित गरिन्छ ।'

तोकिएको समयभित्र संरचना नहटाएमा महानगरपालिकाले कानुनबमोजिम आफैं हटाउने र सो क्रममा लाग्ने खर्चसमेत सम्बन्धित व्यक्ति वा संस्थाबाट सरकारी बाँकीसरह असुल उपर गरिने चेतावनी दिएको छ ।

'तोकिएको समयभित्र संरचना नहटाएमा महानगरपालिकाले कानुनबमोजिम हटाउनेछ भने, हटाउँदा लाग्ने खर्चसमेत सम्बन्धित व्यक्ति वा संस्थाबाट असुल उपर तथा सरकारी बाँकी सरह कारबाही हुने ब्यहोरासमेत सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना गरिन्छ,' सूचनामा उल्लेख छ ।

यसअघि पोखरा महानगरपालिका, गण्डकी प्रदेश सरकार र नेपाल सरकारको संयुक्त पहलमा फेवातालको जल सतहको उच्चतम बिन्दु पहिचान गरी तालको सिमाङ्कनको काम सकिसकेको छ । ६५ मिटर क्षेत्रभित्र पर्ने जग्गाको वर्गीकरण, मुआब्जा पाउने वा दूषित बदर हुने कित्ता निर्क्योल गर्ने काम अन्तिम चरणमा रहेको महानगरले जनाएको छ ।

# म कांग्रेसको कुनै समूहमा छैन: *शेखर कोइराला*

काठमाडौं/ नेपाली काँग्रेसका नेता शेखर कोइरालाले आफू पार्टीको कुनैपनि समूहमा नरहेको बताएका छन् ।

शनिबार काठमाडौंमा आयोजित विपी स्मृति सामुदायिक सहकारी अस्पतालको वार्षिक साधारणसभामा बोल्दै नेता कोइरालाले सामाजिक सञ्जालहरुमा आफूलाई यो वा त्यो पक्षको भनेर प्रचार गरिएकोमा आपत्ति समेत जनाएका हुन् ।

'कांग्रेसलाई एकढिक्का बनाउनका लागि, एक ठाउँमा ल्याउनका लागि म अन्त्यसम्म प्रयास गर्नेछु । म यो ग्रुपमा, त्यो ग्रुपमा छैन', उनले भने ।

उनले आफ्नो लक्ष्य काँग्रेसलाई एकढिक्का बनाउने जिकिर गर्दै त्यसका लागि अन्तिमसम्म पनि प्रयास गर्ने बताए ।

'नेपाली कांग्रेसलाई एकढिक्का बनाएर फेरि हामीहरु पहिलो पार्टीको रुपमा प्रस्तुत हुने मेरो त्यत्तिमात्रै इच्छा हो । अरु मेरो केही इच्छा छैन', उनले भने ।

कांग्रेसलाई एकढिक्का बनाएर आगामी निर्वाचनमा पहिलो राजनीतिक शक्तिको रुपमा स्थापित गराउने आफ्नो इच्छा रहेको नेता कोइरालाको भनाइ थियो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# मकवानपुरमा सय मेगावाटको जलाशययुक्त विद्युत आयोजना बन्दै

साझाकुरा संवाददाता


हेटौंडा, २१ चैत/ मकवानपुरमा एकसय मेगावाट क्षमताको जलालायुक्त जलविद्युत् आयोजना निर्माणको तयारी थालिएको छ ।

नेपाल विद्युत प्राधिकरणले मकवानपुरको ईन्द्रसरोवर गाउँपालिकामा कुलेखानी सिस्नेरी पम्प जलाशययुक्त जलविद्युत् आयोजना निर्माण गर्ने गरी काम अगाडि बढाएको हो ।

प्रस्तावित आयोजनाको निर्माणसँगै हिउँदमा भारतबाट हुँदै आएको विद्युत् आयातमा कटौती हुने विश्वास गरिएको छ । इन्द्रसरोवरमा रहेको कुलेखानी जलाशयको पानी प्रयोग गरेर विद्युत् निकाल्ने र त्यो पानी पुन: जलाशयमै फिर्ता पठाउने गरी विद्युत् आयोजना बनाउन प्राधिकरणले पम्प जलाशययुक्त जलविद्युत आयोजनाको प्रस्ताव कार्यान्वयन गर्ने क्रममा वातावरणीय प्रभाव मूल्यांकनको क्षेत्र निर्धारणका लागि सार्वजनिकरुपमा रायसुझाव उपलब्ध गराउन भनेको छ ।

प्राधिकरणले पालिकाको सम्भाबित प्रभावित वडामा पुगेर समीक्षा र रायसंकलनसमेत थालेको छ । आयोजनाबाट इन्द्रसरोवर गाउँपालिकाको १, २ र ३ प्रभावित हुनेछ ।

प्रभावित हुने वडा इन्द्रसरोवर गाउँपालिका वडा १ का वडाध्यक्ष सुवास थापामगरले वडा कार्यालय मार्खुमा बिहीबार र वडा नम्बर २ मा शुक्रबार प्रस्तावित आयोजनाका बारेमा छलफल गरिएको जानकारी दिए । उनले आयोजनाबाट प्रभावित क्षेत्रको मानवबस्ती, भौतिक, आर्थिक, सामाजिक, प्राकृतिकलगायत क्षेत्रमा पर्ने प्रभावका बारेमा छलफलसँगै समस्याको समाधानका लागि रायसुझाव संकलन गर्ने कार्य भएको बताए । विद्युत् प्राधिकरणद्वारा इन्द्रसरोवर गाउँपालिकामा अवस्थित इन्द्रसरोवर तालमा जम्मा भएको पानीलाई कुलेखानी खोलामा झारेर विद्युत् उत्पादन गर्ने गरी प्रस्तावित आयोजनाबाट ऊर्जाको उच्च माग रहेको समयमा दैनिक ६ देखि १० घण्टासम्म विद्युत् उत्पादन गर्ने योजना बनाइएको छ ।



प्रस्तावित आयोजनाले विद्यमान इन्द्रसरोवरलाई माथिल्लो जलाशयको रुपमा प्रयोग गर्ने र जलाशयको बाँधस्थलभन्दा करिव तीन किलोमिटर तल इन्द्रसरोवर-२, राङ्चे नजिक कुलेखानी खोलामा ३६ मिटर अग्लो नयाँ बाँध निर्माण गरी तल्लो जलाशय निर्माण हुनेछ । जलाशयको भण्डारण क्षमता १५ लाख ४० हजार घनमिटर रहने प्राधिकरणको भनाइ छ । इन्द्रसरोवरको पानीलाई इन्द्रसरोवर-२ स्थित कलंकी नजिकै इन्टेक निर्माण गरी करिव १.९ किलोमिटर लम्बाइको सुरुङमार्फत कुलेखानी खोलाको बायाँ किनारमा रहेको लिप्पानेमा प्रस्तावित विद्युतगृहमा पानी खसाइनेछ र टेलरेसबाट निस्केको पानीलाई तल्लो जलाशयमा भण्डारण गर्ने गरी आयोजना प्रस्ताव गरिएको छ ।

विद्युतको माग कम भएको समयमा तल्लो जलाशयमा भण्डारण भएको पानीलाई सोही सुरुङमार्फत पम्प गरी पुन: इन्द्रसरोवरमा तानिने भएको छ । प्रस्तावित आयोजनाबाट विद्यमान इन्द्रसरोवरको भण्डारण क्षमतामा कुनै परिवर्तन नहुने प्राधिकरणको भनाई छ । पूर्णक्षमतामा दैनिकरुपमा आयोजना सञ्चालन हुँदा इन्द्रसरोवरको जलस्तर मा अधिकतम २० मिटरसम्म थपघट हुनेछ भने तल्लो जलाशयको जलस्तरमा अधिकतम २३.५ मिटरसम्म थपघट हुनेछ । यस आयोजनाको विद्युतगृहमा प्रतियुनिट ५० मेगावाट क्षमताका दुईवटा टर्वाइन जडान गर्ने योजना बनाइएको छ । आयोजनाको डिजाइन बहाव ६८.१२ घनमिटर प्रतिसेकेन्ड रहनेछ ।

प्रधिकरणले आयोजनाको प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) अध्ययनसम्बन्धी क्षेत्र निर्धारण गर्ने जनाएको छ । यो क्रममा यस क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्छ गाउँपालिका तथा यसक्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित रायसुझाव उपलब्ध गराउन आग्रह गरेको छ । कुलेखानी जलविद्युत् आयोजना प्रथम, दोस्रो र तेस्रोबाट हाल १०६ मेगावाट विद्युत् उत्पादन हुँदै आएको छ ।

## आइतबारदेखि मतदाता नामावली अध्यावधिक पुन: सुरु

हेटौंडा, २१ चैत/प्रदेश निर्वाचन कार्यालय, बागमती प्रदेश हेटौंडाले मतदाता नामावली दर्ता तथा अध्यावधिक कार्य यही चैत २२ गते आइतबारदेखि सुरु गर्ने भएको छ ।

प्रदेश निर्वाचन कार्यालयले सूचना जारी गर्दै यसबारेमा जानकारी गराएको हो । प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ क्रममा मंसिर ६ गतेदेखि स्थगित गरिएको अद्यावधिक कार्य निर्वाचन सम्पन्न भएर मतपरिणाम सार्वजनिक भएसँगै आइतबारदेखि पुन: सञ्चालनमा ल्याउन लागिएको कार्यालयले जनाएको छ । कार्यालयकाअनुसार नागरिकले अब अनलाइन तथा प्रत्यक्ष उपस्थित भई दुवै माध्यमबाट नामावली दर्ता र अध्यावधिक गर्न सक्नेछन् । नयाँ नामावली दर्ताका लागि राष्ट्रिय परिचयपत्र प्राप्त गरिसकेका नागरिकले आयोगको वेबसाइटमार्फत् घरमै बसेर नाम दर्ता गर्न सक्ने व्यवस्था गरिएको प्रदेश निर्वाचन अधिकारी हरिप्रसाद ढकालले बताएका छन् ।

राष्ट्रिय परिचयपत्र नभएका नागरिकले ‘अनलाइन प्रि-रजिष्ट्रेसन तथा अद्यावधिक’ प्रणालीमा विवरण भरेपछि प्राप्त आवेदन नम्बर लिएर सम्बन्धित निर्वाचन कार्यालयमा उपस्थित भई फोटो तथा बायोमेट्रिक विवरण दिनुपर्नेछ । नामावली अद्ययावधिकका लागि ‘अनलाइन प्रि-रजिष्ट्रेसन तथा अद्यावधिक प्रणालीमा विवरण तथा आवश्यक प्रमाण पेश गर्ने वा सीधै सक्कल नागरिकता प्रमाणपत्र, विवाह दर्ता, बसाइँसराइ सहितका आवश्यक कागजातसहित निर्वाचन कार्यालयमा उपस्थित हुनुपर्ने जनाइएको छ । नामावली दर्ता गर्दा देशभरका जुनसुकै जिल्ला वा प्रदेश निर्वाचन कार्यालयबाट सेवा लिन सकिने भएपनि मतदाताको नामावली भने स्थायी ठेगानामै कायम रहने कार्यालयले जनाएको छ ।

# सीप र कलाले मानिसलाई परिस्कृत बनाउँछ: *मुख्यमन्त्री बानियाँ*

साझाकुरा संवाददाता

हेटौंडा, २१ चैत/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले सीप र कलाले मानिसलाई परिस्कृत बनाउने बताएका छन् ।

शनिबार हेटौंडा-१३ स्थित महिलामिलन बचत तथा ऋण सहकारी संस्थाले आयोजना गरेको नौमतिबाजा बजाउने तालिमको समापन कार्यक्रममा मुख्यमन्त्री बानियाँले सीप र तालिममार्फत महिलाको आर्थिकपक्ष सुधार हुने बताए । ‘नौमतिबाजा जगेर्ना गर्न प्रदेश सरकार लागिरहेको अवस्थामा पदमपोखरीमा महिला दिदीबहिनीले जुन किसिमले बाजा बजाउने तालिम लिनुभएको छ त्यसलाई आगामी दिनमा निरन्तरता दिन सरकारले आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछु’ उनले भने । ‘सहकारी मार्फत महिलामा नेतृत्व र व्यक्तित्व विकास हुनुकासाथै विभिन्न तालिम र सीपले आत्मनिर्भरतामा समेत उल्लेख्य टेवा पुगेको छ’ मुख्यमन्त्री बानियाँले भने ।

कलाक्षेत्र आम्दानीको स्रोत हो, बाजासँगै नृत्य र गायनलाई पनि सँगै लैजानुपर्नेमा उनले जोड दिए । विभिन्न सभासम्मेलन, कार्यक्रममा अनिवार्य पञ्चेबाजा बजाउने गरियो भने कलासंस्कृति जगेर्नामा थप टेवापुग्ने उनले बताए । सहकारीले स्वरोजगारमूलक तालिम प्रदान गर्दै आइरहेकोले वडा र नगर पालिकाबाट हुने समन्वय र सहकार्य आगामी दिनहरुमा पनि रहने वडा १३ का वडाध्यक्ष पेम्बा लामाले बताए । बाजा बजाउन गाह्रो छ,



जति धेरै प्रयोग गरे उतिकै सहजता हुँदै जाने उनले बताए । ‘अहिले सामान्य बजाउन सिक्नुभयो, आगामी दिनमा बजाउँदै जाँदा निखारता रहनेछ,’ वडाध्यक्ष लामाले बताए ।

तालिममा सहभागी लक्ष्मी ओझाले १५ दिनको तालिम अपुग रहेकाले एडभान्स तालिम आवश्यक रहेको बताइन् । हाम्रो टिमले थप तालिम लिनपाए अझ सशक्त भएर अघि बढ्ने बताइन् । संस्थाका अध्यक्ष मीना थापाको अध्यक्षता तथा मुख्यमन्त्री बानियाँको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष कल्पना श्रेष्ठ, हेटौंडा उपमहानगरका सहकारी शाखाप्रमुख महेन्द्र चापागाई, संस्थाका पूर्वअध्यक्ष लक्ष्मी थिङ, लेखा समिति संयोजक विष्णुमाया लामा, सिन्धुली कलाघरका प्रशिक्षक सञ्चिता थापामगर, पत्रकार महासंघका अध्यक्ष बालकृष्ण अधिकारी, संस्थाका उपाध्यक्ष दीपा लामालगायतले भनाई राखेका थिए ।

कार्यक्रममा तालिममा सहभागीलाई प्रमाणपत्र प्रदान गरिएको थियो । १५ दिन सञ्चालित तालिममा सहकारीका ३० जनाको सहभागिता रहेको संस्थाका प्रमुख व्यवस्थापक फूलमाया मोक्तानले बताइन् । तालिम चैत्र ७ गतेबाट सुरु भएको थियो ।

# जिम्बाडाँडा तथा तल्लोताल खानेपानीको अध्यक्षमा लुइँटेल निर्वाचित

साझाकुरा संवाददाता

हेटौंडा/ हेटौंडा-११ स्थित जिम्बाडाँडा तथा तल्लोताल खानेपानी उपभोक्ता समितिको अध्यक्ष पदमा अनिरुद्र लुइँटेल निर्वाचित भएका छन् । लुइँटेलले ३०५ मत प्राप्त गरी बिजयी भएका हुन् । उनका प्रतिस्पर्धी लालकृष्ण प्याकुरेलले २९७ मत प्राप्त गरेका थिए ।

उपाध्यक्षमा धनबहादुर भण्डारीले २९२ मत प्राप्त गरी बिजयी भएका थिए भने उनका प्रतिद्वन्द्वी शिवप्रसाद न्यौपानेले २७९ मत प्राप्त गरे । सचिव पदमा सुदर्शन बर्तौला निर्बिरोध निर्वाचित भए । यस्तै, सहसचिव पदमा कृष्णप्रसाद चौरेल २८६ मत प्राप्त गरी बिजयी भए भने उनका प्रतिद्वन्द्वी लक्ष्मी बजगाईंले २५० मत प्राप्त गरेका थिए । कोषाध्यक्ष पदमा प्रेमकुमारी चौलागाईं ३१६ मत प्राप्त गरी बिजयी हुँदा उनका प्रतिद्वन्द्वी भगवती दुलालले २३५ प्राप्त गरे ।



यस्तै सदस्य पदमा विद्या रेग्मी, मनिषा बिक, शर्मिला अधिकारी, बन्दना घिमिरे, नवीन तिमल्सिना, माधवप्रसाद दाहाल भने निर्बिरोध निर्वाचित भए । समितिको ३२ औं साधारणसभा तथा अधिवेशनले नयाँ कार्यसमिति चयन गरेको हो । ७२२ मतदाता भएको समितिमा ६२९ जनाले मतदान गरेका थिए ।

## काम सुरु नगर्ने १९ ठेकेदारसँग स्पष्टीकरण

खोटाङ, २१ चैत/ भौतिक पूर्वाधार विकास कार्यालयले सम्झौता गरेको दुई महिना बितिसक्दा पनि निर्माणको काम सुरु नगर्ने १९ निर्माण कम्पनीलाई लिखित स्पष्टीकरण बुझाउन निर्देशन दिएको छ । कार्यालयले युनानान निर्माण सेवा उदयपुर, विश्वशिखर निर्माण सेवा उदयपुर, अर्जुन पइन्ट इन्जिनियर डेप्लोपर्स प्रा लि काठमाडौं, राइट ब्रोदर आरटिडी जेभी, इमो बुइल्डर्स प्राइभेट लिमिटेड, शिलान्यास इन्जिनियरिङ कन्सल्टिङ प्रालि धादिङ, शान्तिभूमि कन्स्ट्रक्सन प्रालि खोटाङ, अन्सुबी-नेपाल-फूलबारी- पिङ्गला जेभी, एसआर कन्स्ट्रक्सन खोटाङ, निर्मा कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रालि खोटाङ, रानासाम्पाङ कन्स्ट्रक्सन प्रालि खोटाङ, भीषणहाङ कन्स्ट्रक्सन प्रालि भोजपुर, बराहपोखरी कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रालि काठमाडौं, पाथीभरा निर्माण सेवा उदयपुर, धनसुना कन्स्ट्रक्सन, बी एन्ड बी निर्माण सेवा उदयपुर, खोक्चिलिपा-साल्मे आरटिडी जेभी, डिबी कन्स्ट्रक्सन उदयपुर र डिजी निर्माण सेवा खोटाङलाई स्पष्टीकरण सोधेको छ ।

# भुटनदेबीमा विसासय पूजा सम्पन्न

हेटौंडा, २१ चैत/स्वदेश तथा विदेशमा रहेका नेपालीको शुख, शान्ति, सम्बृद्धि, सुस्वास्थ्य, दीर्घायूको कामन गर्दै शक्तिपीठ भुटनदेवी मन्दिरमा वार्षिक विसासय पूजा (क्षमापूजा) शनिबार सम्पन्न भएको छ ।

बिसासय पूजामा एक सय ८ वटा परेवा, एउटा कुखुरा, १५ वटा बोका, एउटा हाँस, एउटा राँगो, एउटा सुँगुर, एउटा पाठो गरी एक सय २८ वटा पशुवलि दिइन्छ । समस्त धर्मप्रेमी भक्तजनको सुखशान्ति र समृद्धिका लागि प्रत्येक वर्ष चैत महिनाको शनिबार विसासय (क्षमा) पूजा हुने गरेको भुटनदेवी मन्दिर व्यवस्थापन तथा धार्मिक पर्यटन विकास समितिका अध्यक्ष राममान श्रेष्ठले जानकारी दिए । हिन्दू धर्मावलम्बीको आस्थाकी देवी भुटनदेवी मातासहित देवी र गणदेवतालाई एकसय २८ वटा पशुबलि दिइने गरेको उनले बताए । आगामी २०८३ मा चैत १३ गतेको शनिबारका दिन विसासय पूजा गर्ने साइत निस्किएको साझाकुरा दैनिकको क्यालेण्डरमा उल्लेख गरिएको छ ।



राणाकालमा चिसापानीगढीस्थित बडाहाकिमको कार्यालयले बजेट बिनियोजन सहित विसासय पूजाको व्यवस्थापन गर्ने गरेको थियो । पञ्चायती व्यवस्थामा अञ्चलाधीश कार्यालयले विसासय पूजाको लागि बजेट प्रबन्ध गर्ने गरेको स्थानीय जानकारहरु बताउँछन् । २०४६ सालको राजनीतिक परिबर्तनपछि केही समय विसासय पूजा रोकिएको थियो । तर, २०५४ सालदेखि तत्कालीन हेटौंडा-१० का वडाअध्यक्ष पूर्णबहादुर श्रेष्ठले पूजाका लागि पहल गरेका थिए । यसैबेलादेखि जिल्ला प्रशासन कार्यालयको संयोजनमा विसासय पूजालाई निरन्तरता दिइएको हो ।

भुटनदेवी मन्दिरमा गरिने क्षमापूजाले मकवानपुरमा मात्र नभई विश्वलाई नै शान्तिको सन्देश दिने मन्दिरका पण्डित पुरुषोत्तम धितालले जानकारी दिए । वर्षौंदेखि चल्दै आएको क्षमापूजामा हिन्दू र बौद्ध धर्मावलम्बी दुबैले पूजा गर्ने गरेका छन् । भुटनदेवी मन्दिरमा शनिबार दिनभर विसासय पूजामा सहभागी हुने र प्रसादग्रहण गर्ने भक्तजनको लामो लाइन लागेको थियो ।





**नेपाल निर्माण व्यवसायी महासंघ**को २६ औं वार्षिक साधारणसभा तथा १३ औं अधिवेशनबाट नवनिर्वाचित **अध्यक्ष निकोलस पाण्डेज्यू, वरिष्ठ उपाध्यक्ष रामजी पन्त मुकेश**ज्यू, **महासचिव शिवहरि घिमि**ज्यूलगायत केन्द्रीय कार्यसमितिका पदाधिकारी एवम् सदस्यज्यूहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

बालगोपाल कँडेल (अध्यक्ष) राजेन्द्रप्रसाद चौलागाईं (महासचिव)

एवम्


**निर्माण व्यवसायी संघ मकवानपुर, परिवार**

हेटौंडा, मकवानपुर



# आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




**सम्पर्क:**
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना